नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक २०९ | २०८१ साल चैत ८ गते शुक्रबार (21 Mar. 2025 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथालगायत हिमालमा ... ३ पृष्ठमा : पर्यटन विकासका लागि ... ३ पृष्ठमा : गाजामा इजरायली हमलामा ...

# शम्भुनाथ मन्दिरलाई सौन्दर्यकरण र व्यवस्थित गर्न अतिक्रमित संरचना भत्काइदै



**दैनिक समाचारदाता राजविराज, ७ चैत ।**

शम्भुनाथ नगरपालिका ३ स्थित ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल शम्भुनाथ मन्दिर छेउछाउका जग्गा अतिक्रमण गरेर बनाइएका संरचरनाहरु शम्भुनाथ नगरपालिकाले बिहीबार भत्काएको छ ।

उक्त मन्दिर छेउछाउका सार्वजनिक एवं सडकको जग्गा समेत अतिमक्रमण गरेर बनाईएका घर टहरा डोजर लगाएर भत्काउन सुरु गरिएको हो ।

सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाईएका संरचनाहरु हटाउन पटक-पटक लिखित र मौखिक आग्रह गर्दापनि अटेर गरेको पाईएपछि पालिकाले ती संरचना भत्काउन सुरु गरेको शम्भुनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुले बताए ।

सार्वजनिक जग्गामा बनाईएका टहरा हटाउन नगरपालिकाले ८ महिना यता ३५, १५ र ७ दिनको सूचना पटक पटक जारी गरिएको तथा अन्तिम पटक दिईएको म्याद चैत ४ गते सकिएको उनले बताए ।

धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको उक्त मन्दिरकै नामबाट शम्भुनाथ नगरपालिका नामांकरण गरिएको बताउँदै उनले मन्दिर क्षेत्रलाई व्यवस्थि गर्न पनि यस्तो अभियान शुरु गरिएको जानकारी दिए ।

उनले अतिक्रमित जग्गा खाली गराई मन्दिर क्षेत्रलाई व्यवस्थित गर्दै मन्दिरको सौन्दर्यकरण गर्ने काम पनि केही दिन भित्रै सुरु गर्ने गरि टेण्डर प्रक्रिया पनि अघि बढि सकिकेको बताए ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख अनिता कुमारी चौधरी, वडाध्यक्ष नवीन कुमार चौधरी, विजय साह, जामुन प्रसाद चौधरी, ट्राफिक प्रहरी प्रमुख रामबालक राय यादव, नेपाल प्रहरीका असई उपेन्द्र यादव, सशस्त्र प्रहरीका असई श्रवण कुमार मंडलका साथै ठूलो संख्यामा सुरक्षाकर्मीको उपस्थितिमा पहिलो दिन १७

***बाँकी अन्तिम पृष्ठमा***

# बोक्सीको आरोप लगाएर फरार अभियुक्त पक्राउ



**दैनिक समाचारदाता राजविराज, ७ चैत ।**

छिमेकीलाई महिलालाई बोक्सीको आरोप लगाएका फरार रहेको एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा गाउँकै छिमेकी महिलालाई बोक्सीको आरोप लगाउने सप्तरीको छिन्नमस्ता गाउँपालिका १ निवासी ५५ वर्षिय भोला यादव छन् ।

छिमेकी महिलालाई बोक्सीको आरोप लगाएको मुद्दामा सप्तरी जिल्ला अदालतबाट फागुन २७ गते पक्राउ पूर्जी जारि भई खोजतलासका क्रममा बुधबार बेलुका ८ बजेतिर भोला यादवलाई पक्राउ गरिएको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनलाई बिहीबार सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लागुऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता राजविराज, ७ चैत ।**

प्रहरीले लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । सप्तरीको सप्तकोशी नगरपालिका १ मा डेरा गरि बस्ने सुनसरीको भोक्राहा नरसिंह गाउपालिका ६ निवासी २६ वर्षिय मुमताज मियाँ र देवानगंज नगरपालिका १ बस्ने २५ वर्षिया तिलो कुमारी यादवलाई पक्राउ गरेको हो।

बुधबार साँझ सप्तकोशी नगरपालिका १ स्थित जयप्रकाश



गुप्ता घर कोठा भाडामा लिई बस्दै आएका मुमताज मियाँ र तिलो कुमारी यादवको साथबाट १ सय ४० पिस प्रतिबन्धित लागुऔषध नाइट्रजेपाम ट्यावलेट र फस्फेट सिरप १ सय एमएलको ४ बोतल बरामद भएको प्रहरीको भनाई छ ।

उनीहरुलाई बिहीबार सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# परीक्षा सुरु भएको २० मिनेटमै प्रश्नपत्र बाहिरियो

**दैनिक समाचारदाता सिरहा, ७ चैत ।**

सिरहाको लहान नगरपालिका १९ सोनमती गाढास्थित जनता बनवाली माध्यमिक विद्यालय वर्छवा, कल्याणपुर परीक्षा केन्द्रबाट एसइईको पहिलो दिनको परीक्षा सुरु भएको २० मिनेटमै प्रश्नपत्र बाहिरिएको छ ।

जिल्ला परीक्षा समन्वय समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले भने एसइई परीक्षा मर्यादित बनाउन ५० जना डेडिकेटेड मानिसहरू खटाएका बताएका छन् ।

उनले प्रश्नपत्र कसरी बाहिरियो भन्ने विषयमा अनुसन्धान भइरहेको तथा कहाँबाट प्रश्नपत्र बाहिरिएको पत्ता लागे कारबाही हुने जनाए ।

जिल्लामा ५० वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भइरहेको छ । परीक्षामा १० हजार सात सय तीन जना विद्यार्थी सहभागी छन् ।

**उपभोक्ता हकको रक्षा गरौं ।**

➢प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,

➢गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ।

त्यसैले

➢उपभोक्ता हकको बारेमा सचेत बनौं,

➢उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### पितृसत्तात्मक सोच र व्यवहार परिवर्तन आवश्यक

पितृसत्तात्मक सोच र व्यवहार परिवर्तन गर्नु आवश्यक रहेको छ । अहिलेको समयमा सोही सोचका कारण महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रुपमा पछाडी धकेलिंदै छन् । हेप्ने, शोषण गर्ने र मान्छे समेतको दर्जामा राख्न नचाहनेले महिलाहरु विकासका सरल र सहज संवाहक हुन् भन्ने कुरा बुझ्नु जरुरी छ । पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाहरुका लागि समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ ।

महिलाहरुको पहुँच र नियन्त्रण स्थानीय श्रोत र साधनमा नहुनु दुःख लाग्दो मात्र नभई अमानवीय पनि हो । जुन श्रोत-साधनको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न महिलाहरु तत्पर रहन्छन्, उनीहरुको तदारुकताका साथको सहभागिता देखापर्छ, त्यही सहभागिता श्रोतको बाँडफाँडको बेला देखिंदैन । महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहित गरिंदैन तबसम्म समग्र विकासको कल्पना सम्भव छैन् ।

महिलाहरुको समग्र विकासको पाटो कमजोर हुँदै गएको छ । यो पाटो पनि सशक्तिकरण, अवसरको उपलब्धता र क्षमता अभिवृद्धिको मूलधारसँग जोड्नु पर्ने आजको आवश्यकता हो । त स थ ´ विकासको हरेक क्षेत्रमा महिलालाई पनि मौका दिनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सगरमाथालगायत हिमालमा डोरी टाँग्न खटिए दक्ष आरोही

**सिबी अधिकारी**
काठमाडौँ, ७ चैत (रासस) ।

वसन्त ऋतु सगरमाथा आरोहणका लागि चुचुरोसम्म बाटो बनाउन तथा 'रोप फिक्सिङ' (डोरी टाँग्ने) का लागि दक्ष पर्वतारोही खटिएका छन् । पर्वतारोहण सञ्चालक सङ्घ नेपालले आठ सदस्यीय आरोही टोलीलाई सगरमाथा आरोहणको बाटो खुलाउन खटाएको हो । अनुभवी 'गाइड' अशोक लामा नेतृत्वको टोलीले यो 'सिजन' को आरोहणका लागि सगरमाथा, ल्होत्से र आमादब्लम हिमालमा बाटो बनाउनेछ ।

सङ्घले यसको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ । सोही कम्पनीमार्फत सगरमाथामा बाटो खोल्ने कार्यमा अशोक लामाको नेतृत्वमा कर्माग्याल्जेन शेर्पा, पेमनुरबु शेर्पा, मिङदावा शेर्पा, टासी शेर्पा, पासारिन्जी शेर्पा, पास्तान्जेन शेर्पा र टासीनर्बु शेर्पा सहभागी हुनुहुन्छ ।

सङ्घले सो टोलीलाई सगरमाथाको बाटो निर्माणका लागि आवश्यक सामग्री तथा उपकरण हस्तान्तरण गरेको छ । सङ्घका महासचिव ऋषिराम भण्डारीले वसन्त ऋतुको सगरमाथा हिमाल आरोहणका लागि बाटो बनाउन दक्ष आरोही त्यसतर्फ गएको बताउनुभयो । "सगरमाथा र ल्होत्से हिमालमा बाटो बनाउन तथा डोरी टाँग्न दक्ष शेर्पा आरोही सामग्रीसहित सगरमाथा प्रस्थान गरेका छन्", उहाँले भन्नुभयो, "योसँगै सगरमाथा आरोहणको चहलपहल बढेको छ । अधिकांश ठूला आरोहण व्यवस्थापन गर्ने कम्पनीका कर्मचारी आधार शिविरमा व्यवस्थापनको काममा खटिएका छन् ।"

एट्के कम्पनीका प्रबन्ध निर्देशक लाक्पा शेर्पाले सगरमाथाको चुचुरोसम्म टाँग्ने डोरी, 'क्लाइम्बिङ इक्युमेन्ट', 'टेक्निकल डिभाइस' बाटो बनाउने टोलीलाई हस्तान्तर गरिएको जानकारी दिनुभयो । उहाँले सगरमाथा आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउन कम्पनीले सम्पूर्ण क्षमताका साथ काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।"दक्ष व्यावसायिक आरोहीको टोली सगरमाथालगायत हिमालको बाटो बनाउने कार्यमा खटिएको छ", उहाँले भन्नुभयो, "पूरै टिमको नेतृत्व मैले गर्दैछु । आरोहण योजना, मौसमको सूचनालगायत व्यवस्थापकीय कामको प्रबन्धसहित पूरै टिमको नेतृत्व मैले गर्नेछु । मौसमको अनुकूलता हेरी समयमै डोरी टाँगिनेछ ।" यो पटक मौसमले साथ दिने अनुमान गरिएकाले ६०० भन्दा बढी आरोही सगरमाथा आरोहणमा जाने अपेक्षा गरिएको प्रबन्ध निर्देशक शेर्पाले बताउनुभयो ।

पर्यटन विभागसँगको सम्झौताअनुरुप पर्वस तारोहण सञ्चालक सङ्घले हरेक वर्ष 'रोप फिक्सिङ'को काम 'टेन्डर'मार्फत कम्पनी छटौन गरेर दक्ष शेर्पालालाई सगरमाथाको बाटो खुलाउन खटाउने गरेको छ । यस्तो टोलीले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने तथा डोरी टाँग्नेछ । सन् २०२५ का लागि एट्के एक्सिपिडिसन कम्पनीले जिम्मेवारी पाएको छ ।

सन् २०२४ मा सेभेन समिट ट्रेकले दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने जिम्मा पाएको थियो । सन् २०२३ मा इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीले सगरमाथामा रोप फिक्सिङ गरेको थियो । सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले बाटो बनाउन 'आइसफल डाक्टर' खटाउने गरेको छ । यो सिजनका लागि १० जनाको टोली खटाइएको एसपिसिसीले जनाएको छ । दुवै टोलीले सगरमाथा आरोहीहरूलाई सुरक्षित बाटो बनाउनेछन् । खुम्बु आइसफलमा बाटो बनाउने दक्ष आरोहीलाई ( आइसफल डाक्टर) भनिन्छ ।

वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणका लागि आवश्यक तयारी सुरु गरिएको हो । एसपिसिसीको व्यवस्थापनमा खुम्बु आइसफल क्षेत्रको बाटो निर्माण तथा मर्मतको काम गर्दै आएको अध्यक्ष लामाकाजी शेर्पाले बताउनुभयो । उहाँका अनुसार वसन्त ऋतु हिमाल आरोहणका लागि सबैभन्दा अनुकूल समय भएकाले अनुभवी 'आइसफल डाक्टर' टोली आवश्यक उपकरण तथा सामग्रीसहित नाम्चेबाट आधार शिविरमाथि बाटो बनाउने कार्यमा खटिएका छन् । टोलीमा आधार शिविर व्यवस्थापक छिरिङतेन्जिङ शेर्पासहित आठजना अनुभवी 'आइसफल डाक्टर' छन् । दुईवटा छुट्टाछुट्टै टोली गठन गरिएको छ, जसको नेतृत्व आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाले गर्नुभएको छ । टोलीमा दाबानुरु शेर्पा, निमतेन्जी शेर्पा, मिङ्माग्याल्जेन शेर्पा, दाबाछिरी शेर्पा, लाक्पासोना शेर्पा र तेन्डु शेर्पा हुनुहुन्छ ।

खुम्बु आइसफल क्षेत्र सबैभन्दा जोखिमयुक्त क्षेत्र हो, जहाँ हिउँको विशाल ढिस्को, भ्वाङ, अनि हिमपहिरोको खतरा रहन्छ । टोलीले सगरमाथाको दोस्रो आधार शिविरसम्म जाने बाटो निर्माण गर्नुपर्ने हुन्छ, जसका लागि डोरी टाँग्ने, जोखिमपूर्ण स्थानमा भऱ्याङ राख्ने, हिउँ तथा बरफको अस्थिर संरचनाहरूलाई स्थिर बनाउनेजस्ता कार्य गर्छन् ।

दोस्रो आधार शिविरसम्मको बाटो बनाउन झन्डै २० दिन लाग्ने अनुमान गरिएको छ । पर्यटन विभागका अनुसार सन् २०२४ को वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न ४१ समूहका ७५ महिला र ३३९ पुरुषसहित ४१४ जनाले अनुमति लिएका थिए । यो वर्ष पनि आरोहणका लागि उपयुक्त मौसम हुने र उल्लेख्य सङ्ख्यामा आरोही आउने पर्यटन व्यवसायीको अनुमान छ ।

**आरोहणको चहलपहल बढ्यो**

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथासहितका हिमाल आरोहणका लागि आरोही धमाधम विभागको सम्पर्कमा आइरहेका छन् । सम्पर्क अधिकृत खटाउने, सगरमाथा आधार शिविरमा सम्पर्क कार्यालय व्यवस्थापन आदि विषयमा विभाग लागिपरेको छ । सगरमाथा आरोहणको सिजन सुरु हुनैलाग्दा व्यवसायी निकै उत्साहित देखिएका छन् । सगरमाथा आरोहणमा सर्वाधिक आरोही पठाउने एक्सपिडिसन कम्पनीहरू यो सिजनमा आरोही बढ्ने अनुमानका साथ आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउन तयारीमा जुटेका विभागले जनाएको छ ।

सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पाले सगरमाथालगायत हिमाल आरोहणका लागि धमाधम आरोही आइरहेको बताउनुभयो । उहाँले यो सिजनमा सगरमाथा आरोहणका लागि हालसम्मकै धेरै आरोही आउने अनुमान गरिएको उल्लेख गर्नुभयो । "हामी पर्वतारोही व्यवसायी निकै उत्साहित छौँ किनकि यो सिजनमा सगरमाथा आरोहणका लागि अहिलेसम्मकै धेरै आरोही आउने सङ्केत देखिएको छ । त्यहीअनुरुप बुकिङ भएको छ", उहाँले भन्नुभयो ।

सेभेन समिट कम्पनीमार्फत यो पटक १०० भन्दा बढी आरोही सगरमाथा आरोहणमा जाँदैछन् । अघिल्लो वर्ष उक्त कम्पनीमार्फत ७० हाराहारी आरोही सगरमाथा आरोहणमा गएका थिए । सेभेन समिट सगरमाथामा धेरै आरोही पठाउने कम्पनी हो । सतोरी, एट्स के एक्सपिडिसन प्रालि, पायोनियर एडभेन्चर्स, हिमालयन गाइड ट्रेक्स, इमाजिन नेपाल ट्रेक एन्ड, ट्याग नेपाल आदि कम्पनी सगरमाथामा धेरै सङ्ख्यामा आरोही पठाउने कम्पनीमा पर्छन् ।

सतोरी एडभेन्चर्स प्रालिका प्रबन्ध निर्देशक ऋषिराम भण्डारीले सगरमाथा आरोहणका लागि चहलपहल सुरु भइसकेको बताउनुभयो । "सगरमाथाको चुचुरोसम्म बाटो बनाउने कार्य दक्ष शेर्पा आरोही र आइसफल डाक्टर खटिएसँगै आरोहणको चहलपहल सुरु भएको छ", उहाँले भन्नुभयो, "अब धमाधम आरोही आरोहण अनुमतिलगायत प्रक्रिया पूरा गरेर गन्तव्यतिर निस्कन्छन् । एक्सपिडिसन कम्पनीहरूले आरोहण व्यवस्थापनको तयारीलाई तीब्रता दिएका छन् ।" भण्डारीले यसपटक समग्रमा वसन्त ऋतुको आरोहण उत्साहवर्द्धक हुने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार सगरमाथा आरोहणका लागि उपयुक्त मौसम 'वेष्ट समिट विन्डो'का लागि सामान्यतया चार वटा विन्डो हुन्छ । त्यो मे महिनामा पर्छ । (हावाको गति कम र हिउँपर्ने कम अवस्था)लाई विन्डो भनिन्छ ।

# तीन अस्पतालमा मष्तिष्क पक्षघातको औषधि उपलब्ध हुने

काठमाडौँ, ७ चैत (रासस) ।

तीन वटा सरकारी अस्पतालबाट मष्तिष्क पक्षघात (ब्रेनस्ट्रोक) भएका बिरामीलाई निःशुल्क औषधि उपलब्ध गराइने भएको छ । अमेरिकी दातृ संस्था 'डाइरेक्ट रिलिफ'को सहयोग र नेपालको 'वन हर्ट वर्ल्डवाइड' को सहजीकरणमा उक्त औषधि उपलब्ध भएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार पत्रकार सम्मेलन गरी प्रारम्भिक चरणमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल र भरतपुर अस्पतालमा यी औषधि उपलब्ध हुने जनाएको छ ।

औषधि हस्तान्तरण कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मष्तिष्क पक्षघातमा आवश्यकपर्ने महँगो औषधि उपलब्ध गराएकामा संस्थाप्रति आभार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यो औषधि राज्य कोषबाट किनेर आवश्यकपर्नेलाई उपलब्ध गराउन गाह्रो थियो । आवश्यकताअनुसार अरु अस्पतालमा पनि वितरण गर्ने लक्ष्य छ । दातृ संस्थासँग अरु महँगा औषधि पनि माग गरेका छौँ ।"

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखा निर्देशक डा पवनजङ्ग रायमाझीले मष्तिष्क पक्षघातमा अत्यावश्यक र ज्यान जोगाउन सकिने औषधि प्राप्त भएको बताउनुभयो । उहाँका अनुसार ८०० भाइल 'अल्टिप्लेस' औषधि उपलब्ध भएको छ ।

उहाँले भन्नुभयो, "मष्तिष्कमा रहेका रक्तनलीमा अकस्मात् रगत जम्दाखेरी मष्तिष्क पक्षघात हुने

*बाँकी तीन पृष्ठमा*

# पर्यटन विकासका लागि हवाई सेवालाई विस्तृत र सबल बनाउन आवश्यक छ : प्रधानमन्त्री

काठमाडौं, ७ चैत (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको पर्यटन विकासका लागि हवाई सेवालाई विस्तृत र सबल बनाउन आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सोधेका प्रश्नको जवाफ दिँदै उहाँले मुलुकको हवाई सेवालाई चुस्त र प्रभावकारी बनाउन सरकारले आवश्यक काम गरिरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले नेपालमा हवाई यातायातको विकासका लागि सरकारी क्षेत्रबाट सञ्चालित नेपाल वायुसेवा निगमको व्यवस्थापनमा कुशलता बढाउन आवश्यक व्यावसायिक कार्ययोजना निर्माण गरी सुधारका काम अघि बढाइएको बताउनुभयो। उहाँले पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डको पुनःसंरचना गरी विदेशस्थित नेपाली दूतावास, नियोग, पर्यटनदूत, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए), विदेशमा बस्ने नेपाली विद्यार्थी, नेपाल र विदेशका विभिन्न सङ्घसंस्थालाई परिचालन गरिएको जानकारी दिनुभयो।

"मित्रराष्ट्रहरूबाट भित्रिने पर्यटकको सङ्ख्या वृद्धि गर्न नेपाल पर्यटन बोर्डलगायत अन्य क्षेत्रबाट प्रवर्द्धनात्मक काम भइरहेका छन्। पर्यटनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्को यसै अधिवेशनमा पेस गर्नेगरी तयारी गरिरहेको छ। पर्वतारोहण नियमावली संशोधन भइसकेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

एक अर्को प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सुनसरी र मोरङको करिब ६८ हजार हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सेवा पुर्‍याउने उद्देश्यले सुरु भएको सुनसरी मोरङ सिँचाइ आयोजनाले कोशी नदीको चतरा नजिक बायाँ किनारमा 'साइड इन्टेक' निर्माण गरी सिँचाइ सेवा उपलब्ध गराइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार विगत केही वर्षदेखि कोशी नदीले धार परिवर्तन गरी 'साइड इन्टेक' रहेको स्थानको दायाँतर्फ मूलबहाव आएकाले हिउँदको समयमा बायाँतर्फ रहेको 'साइड इन्टेक' मा आवश्यक मात्रामा पानीको प्रवेश गराउन सकिएको छैन। आयोजनाले प्रत्येक हिउँदमा अस्थायी बाँध बाँधी यथासम्भव पानी इन्टेकमा प्रवेश गराई सिँचाइ सुविधा पुर्‍याउँदै आएको छ।

प्रधानमन्त्री ओलीले स्थायी प्रकृतिको संरचना निर्माण गरी दिगो तवरले वर्षैभरि पानी सञ्चालन कसरी गर्न सकिन्छ भनी विभिन्न विकल्पमा अध्ययन गरिएको भन्दै प्राविधिक र आर्थिक रूपले सम्भाव्य विकल्प छनोट गरी कार्य अगाडि बढाइने विश्वास व्यक्त गर्नुभयो। साथै, उक्त आयोजनाअन्तर्गतका सिञ्चित क्षेत्र बचावटसम्बन्धी कार्यहरू पनि प्राथमिकताका आधारमा कार्यान्वयन भइरहेको उहाँले उल्लेख गर्नुभयो।

सांसद भीमप्रसाद आचार्यले सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धमा तमोर-चिस्यान-सुनकोशी-कमला बहुउद्देश्यीय आयोजना, देशकै सबैभन्दा ठूलो सुनसरी मोरङ सिँचाइ आयोजनाको प्रगति र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हवाई सेवा सुधार, पर्यटन प्रवर्द्धन योजना र नीतिगत सुधारबारे प्रधानमन्त्रीलाई प्रश्न सोध्नुभएको थियो।

सांसद मनिष झाले सोधेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले कर्मचारी नियुक्ति लोकसेवा आयोगमार्फत हुने गरेको र तीनै तहका कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा लोकसेवाको सिफारिस, कर्मचारीको ज्ञान, सीप, अनुभव र कार्यक्षमताको आधारमा भइरहेको स्पष्ट पानुभयो। "कानुन विपरीत काम गरेको भए कारबाही गर्ने संवैधानिक निकायहरू छन्। ती निकायले कानुन विपरित काम गर्ने व्यक्तिलाई कारबाही गर्छन्। त्यस्ता व्यक्ति सजायको भागिदार हुन्छन् र भइरहेकै छन्," उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले सरकारी संयन्त्रहरूमा हुने सरुवा, बढुवा र नियुक्तिमा यसअघि भएका गलत अभ्यासलाई तोडेर सरकारले योग्यताका आधारमा बढुवा र नियुक्तिको काम गरेको र त्यसको उदाहरण नेपाल प्रहरी प्रमुखको नियुक्ति भएको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रहरी प्रमुख नियुक्ति गर्दा यसअघि कस्ता-कस्ता कुरा सुन्नु पर्थ्यो ? यस पटक त्यस्तो सुन्नु, देख्नु परेन।"

सरकार आउनुअघि बुटवल-नारायणगढ सडक खण्डको काम रोकिएकामा हाल तीव्र गतिमा काम भइरहेको भन्दै प्रधानमन्त्री ओलीले मुग्लिन-पोखरा सडकको काम पनि सन्तोषजनक रूपमा अगाडि बढेको बताउनुभयो।

सांसद झाकै अर्को प्रश्नको जवाफमा प्रधानमन्त्री ओलीले सरकारले उत्पादनमूलक क्षेत्रमा र विकास निर्माणका परियोजना अघि बढाउन आन्तरिक तथा बाह्य ऋण लिने गरेको भन्दै त्यस्ता क्षेत्रमा परिचालन गर्न लिइने ऋण नकारात्मक नभएको उल्लेख गर्नुभयो। उहाँले औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी अभिवृद्धि गर्न हालै सरकारले अध्यादेशमार्फत लगानी र व्यवसायीमैत्री हुनेगरी कानुन सुधार गरेको जानकारी गराउनुभयो। यसबाट निजी क्षेत्रको मनोबल उच्च भएको र नतिजा देखिँदै जाने उहाँको विश्वास थियो। सांसद झाले कर्मचारी नियुक्ति, सरुवा बढुवा र बाह्य ऋणको सम्बन्धमा प्रधानमन्त्रीलाई प्रश्न गर्नुभएको थियो।

# सेनाले संविधान प्रदत्त जिम्मेवारी पूरा गर्ने प्रधानसेनापतिको प्रतिबद्धता

धनगढी, ७ चैत (रासस)।

प्रधानसेनापति अशोकराज सिग्देलले नेपाली सेना सदैव देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकताको रक्षार्थ जस्तोसुकै परिस्थितिमा पनि संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

कैलालीस्थित सुदूरपश्चिम पृतना मुख्यालय बिहीबार आयोजित भूतपूर्व सैनिक सम्मेलनमा उहाँले राष्ट्रिय हित संरक्षण गर्न नेपाली सेना गम्भीर रहेको स्पष्ट पार्नुभयो।

सेनाले राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन पुर्‍याइरहेको योगदानले आमनेपालीलाई गर्वको अनुभूति गराएको उल्लेख गर्दै प्रधानसेनापति सिग्देलले राष्ट्रको सर्वाङ्गीण विकासमा गरेको योगदानका कारण नेपाली जनतामाझ सेना र भरपर्दो सङ्गठनका रुपमा स्थापित भएको बताउनुभयो। "यो विश्वास कहिल्यै पनि टुट्न दिनु हुँदैन", उहाँले भन्नुभयो।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनामा नेपाली सेनाले गरेको योगदानको राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा मुक्तकण्ठले प्रशंसा भइरहेको जनाउँदै प्रधानसेनापति सिग्देलले यसबाट विगतदेखि नेपाली सेनाको निःस्वार्थ सेवाभाव, जिम्मेवारी र कर्तव्य पालनाप्रतिको संवेदनशीलतालाई प्रतिबिम्बित गरेको बताउनुभयो।

"भूपू सम्मेलन सैनिक पुनर्मिलनको महत्वपूर्ण अवसर हुनाका साथै एकापसमा अनुभव साट्ने तथा बहालवाला र अवकाश प्राप्त सैनिकबीच हार्दिकता र सामूहिक भावना थप फराकिलो बनाउने अवसर पनि हो", उहाँले भन्नुभयो।

नेपाली सेना कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तण्डुलले बहालवाला तथा अवकाश प्राप्त सैनिकका परिवारजनलाई आयआर्जनका लागि विभिन्न कल्याणकारी कार्य अघि बढाइएको जानकारी दिनुभयो।

सुदूरपश्चिम पृतनापति प्रकाश देउजाले सकलदर्जामा एकताको भावना अभिवृद्धि गराउन सम्मेलनले सघाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले कल्याणकारी कार्यक्रमअन्तर्गत उपलब्ध गराइएका विभिन्न सुविधा प्रयोग गरी बढीभन्दा बढी लाभ लिन सकलदर्जालाई अनुरोध गर्नुभयो।

समारोहमा प्रधानसेनापति सिग्देलले चार जना वा सोभन्दा बढी सन्ततिलाई सेनामा पठाएबापत सकलदर्जाका अभिभावक बाजुराका बलवान खड्का र डडेलधुराका प्रजापति अवस्थीलाई सम्मान, एवं अवकाश प्राप्त सुवेदार केशवदत्त पाण्डेयलाई प्रधानसेनापति प्रशंसा निशान प्रदान गर्नुभयो। उहाँले ज्येष्ठ भूतपूर्व सैनिक तथा एकल महिलालाई सम्मान, ह्वील चियर एवं वैशाखी प्रदान, लघु उद्यम व्यवसायीलाई प्रशंसापत्र एवं पुरस्कार प्रदान गर्नुभयो।

बिहीबारै सुदूरपश्चिम पृतनाअन्तर्गत डोटी, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र दार्चुलामा सम्मेलन सम्पन्न भएका छन्।

सम्मेलनमा दिइएको जानकारीअनुसार सैनिक कल्याणकारी बोर्डबाट स्वास्थ्य, शिक्षालगायतका सेवा प्राप्त गर्नेको संख्या १० लाख नाघेको छ।

***तीन अस्पतालमा ...***

सम्भावना हुन्छ। यदि यस्तो व्यक्तिमा साढे चार घण्टाभित्र यो औषधि प्रयोग गर्न सकेमा बिरामीको ज्यान जोगिन्छ।"

डा रायमाझीका अनुसार यो औषधि एक भाइलमा २० मिलिग्राम हुने र एउटै भाइलको रु ७० हजार पर्दछ। उहाँले भन्नुभयो, "यो औषधि प्रयोग गर्न दक्ष स्वास्थ्यकर्मी (न्युरोलोजिस्ट) को आवश्यकता पर्दछ। त्यसैले सुरुआती चरणमा तीन वटा अस्पतालबाट दिने सोचेका छौं। पछि आवश्यकताअनुसार सबै प्रदेशका सङ्घीय अस्पतालमा उपलब्ध हुन्छ।"

उहाँले यो औषधिलाई स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाको 'कोल्ड चेन'मा २ देखि ८ 'सेन्टिग्रेड'मा भण्डारण गरिएको र आवश्यकताअनुसार उपलब्ध गराइने जनाउनुभयो। नेपालमा एक वर्षमा ३०० देखि ४०० को सङ्ख्यामा पक्षघातका बिरामी उपचारका लागि स्वास्थ्य संस्था आउने गरेका छन्।

## विश्व समाचार

### गाजामा इजरायली हमलामा कम्तीमा ४० जनाको मृत्यु

गाजा पट्टी, ७ चैत (रासस/एपी)।

इजरायलले रातभर र बिहीबारसम्म गाजा पट्टीमा धेरै घरमा गरेको आक्रमणमा कम्तीमा ४० प्यालेस्टिनीको मृत्यु भएको अस्पतालहरूले बताएका छन्। दक्षिणी गाजाको खान युनुस र रफाह सहर तथा उत्तरी सहर बेत लाहियाका घरहरूमा आक्रमण भएको अस्पतालहरूले बताएका छन्। इजरायलले मङ्गलबार गाजाभर पुनः व्यापक हमला सुरु गरेको थियो। यो हमलाले युद्ध रोक्ने र २५ भन्दा बढी बन्धकको रिहाइलाई सहज बनाएको युद्धविराम भङ्ग गरेको छ। हमासले उनीहरूको सम्झौताबाट विचलित भएको इजरायल-समर्थित प्रस्तावलाई अस्वीकार गरेको भन्दै इजरायलले नयाँ लडाइँको दोष हमासलाई दिएको छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार मङ्गलबार मात्र चार सयभन्दा बढी प्यालेस्टिनी मारिएका थिए। यसमा अधिकांश महिला र बालबालिका थिए। हमासले रकेट प्रहार गरेको वा अन्य आक्रमण गरेको कुनै रिपोर्ट आएको छैन। पछिल्लो आक्रमणमा इजरायली सेनाको तत्काल कुनै टिप्पणी आएको छैन। सेनाले आतङ्कवादीहरूलाई मात्र लक्षित गरेको बताएको छ। उसले हमास आवासीय क्षेत्रहरूमा गहिरो रूपमा अवस्थित रहेकाले नागरिक मृत्युको दोष पनि हमासलाई दिएको छ।

दक्षिणी सहर रफाहमा रहेको युरोपेली अस्पतालमा रातभर दुई परिवारको घरमा भएको आक्रमणमा महिला र बालबालिकासहित २६ जनाको मृत्यु भएको बताइएको छ। एउटा हमलामा एक बुवा र उनका सात सन्तानको मृत्यु भएको छ। खान युनुसमा रहेको नासेर अस्पतालले रातभर एउटा घरमा भएको हमलामा मारिएका सात जनाको शव प्राप्त गरेको थियो। उत्तरी गाजामा इन्डोनेसियाली अस्पतालले बेइत लाहियामा एउटा घरमा भएको हमलामा मारिएका सात जनाको शव प्राप्त गरेको बताएको छ। बेइत लाहिया सीमा नजिककोसहर हो।

### श्रीलङ्कामा सरकारको लोकप्रियताको परीक्षाका लागि स्थानीय तहको निर्वाचनको घोषणा

कोलम्बो, ७ चैत (रासस/एएफपी)।

श्रीलङ्कामा लामो समयदेखि रोकिएको स्थानीय परिषद्को निर्वाचन आगामी मे महिनामा हुने निर्वाचन आयोगले बिहीबार घोषणा गरेको छ। यो मतदान सन् २०२२ मा हुने तय भएको थियो तर पछिल्लो प्रशासनले त्यस वर्ष अभूतपूर्व आर्थिक सङ्कटका कारण निर्वाचन खर्च धान्न नसक्ने तर्क गर्दै उक्त निर्वाचनलाई स्थगित गरेको थियो। श्रीलङ्काको सर्वोच्च अदालतले गत अगस्टमा तत्कालीन राष्ट्रपति रनिल विक्रमासिङ्घेले निर्वाचन अनिश्चितकालका लागि स्थगन गरी गैरकानुनी काम गरेको ठहर गर्दै यथाशीघ्र निर्वाचन गर्न आदेश दिएको थियो। श्रीलङ्का ३३९ स्थानीय तहमध्ये तीन स्थानीय निकायका लागि मे ६ मा निर्वाचन हुने आयोगले जनाएको छ। श्रीलङ्काले सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलर बराबरको बाह्य ऋणमा आफ्नो पहिलो सार्वभौम ऋण तिर्न नसकेपछि यहाँ अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक सङ्कटको अवस्थाको घोषणा गर्नुपरेको थियो। महिनौंदेखि उपभोग्य वस्तुको अभावपछि उर्लेको व्यापक नागरिक अशान्तिको बलमा तत्कालीन नेता गोटबाया राजापाक्षेलाई सत्ताच्युत गरिएको थियो।

यहाँका उत्तराधिकारी विक्रमासिङ्घेले मार्च २०२३ मा अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट २.९ अर्ब अमेरिकी डलर को बेलआउट ऋण प्राप्त गर्नुभएको थियो। गत वर्षको राष्ट्रपतीय चुनावमा विक्रमासिङ्घेको पराजय भएको थियो भने उहाँको उत्तराधिकारीका रूपमा वामपन्थी नेता अनुरा कुमारा दिसानायकेले भारी मतसहित सत्ताको बागडोर सम्हाल्नुभएको थियो। विक्रमासिङ्घेले अघि सारेको मितव्ययिताका उपायहरूलाई दिसानायकेले जारी राख्नुभएको छ आईएमएफले देशको अर्थतन्त्र स्थिर हुँदै गएको र सबैभन्दा खराब मन्दीबाट देश बाहिर आइरहेको बताएको छ।

### भारतीय सेनासँगको झडपमा २२ नक्सलवादी विद्रोही मारिए, एक सैनिकको मृत्यु

नयाँ दिल्ली, ७ चैत (रासस/एएफपी)।

लामो समयदेखि चलेको विद्रोहलाई दबाउन सरकारले सुरक्षा कारबाही तीव्र पारेपछिको सबैभन्दा घातक झडपमा बिहीबार मध्य भारतको जङ्गलमा कम्तीमा २२ जना माओवादी विद्रोहीको मृत्यु भएको छ। भारतको स्रोत साधनले सम्पन्न केन्द्रीय क्षेत्रका सीमान्तकृत मानिसहरूको अधिकारका लागि लडिरहेको दशकौं लामो 'नक्सलवादी' विद्रोहमा एक हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ। छत्तीसगढ राज्यमा दिनभरि चलेको दुई छुट्टाछुट्टै झडपमा एक भारतीय अर्धसैनिक सुरक्षा अधिकारीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ। भारतीय जनता पार्टीका नेता तथा सङ्घीय गृहमन्त्री अमित शाहले सामाजिक सञ्जाल एक्समा विद्रोही आन्दोलनका लागि साझा भारतीय नाम प्रयोग गर्दै लेख्नुभएको छ, "हाम्रो सुरक्षा बलको दुई छुट्टाछुट्टै कारबाहीमा २२ नक्सलवादी मारिएका छन्।"

बिजापुर जिल्लामा बिहान सबेरै भएको झडपमा १८ जना लडाकूसमेत २२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। राज्यको दक्षिणी क्षेत्रमा भएको छुट्टाछुट्टै भिडन्तमा अन्य चार जना विद्रोही मारिएका छन्। दुवै युद्धस्थलमा खोजी कार्य जारी रहेको र सुरक्षा बलले दुवै क्षेत्रबाट हातहतियार र गोलाबारुद बरामद गरेको दावी गरेको छ। शाहले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "मोदी सरकार नक्सलवादीहरूविरुद्ध निर्मम दृष्टिकोणका साथ अगाडि बढिरहेको छ र आत्मसमर्पण नगर्ने नक्सलवादीहरूविरुद्ध शून्य सहनशीलताको नीति अपनाइरहेको छ।" सन् १९६७ मा चिनियाँ क्रान्तिकारी नेता माओत्सेतुङबाट प्रेरित सशस्त्र अभियान सुरु भएको क्षेत्रमा नक्सलवादी भनेर चिनिने विद्रोहीहरू लामो समयदेखि निरन्तर लड्दै आएका छन्। शाहले भारत सरकारले अर्को वर्षको मार्चको अन्त्यसम्ममा विद्रोहको अवशेषलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ।

# एसइई परीक्षाको पहिलो दिन सप्तरीमा ३ सय १२ परीक्षार्थी अनुपस्थित



**दैनिक समाचारदाता**
**राजविराज, ७ चैत ।**

माध्यमिक शिक्षा परीक्षा (एसइई) को पहिलो दिन बिहीबार सप्तरीमा ३ सय १२ जना परीक्षार्थी अनुपस्थित भएका छन् । पहिलो दिनको परीक्षा भने शान्तिपूर्ण तरिकाले सम्पन्न भएको छ ।

जिल्लाको ३७ वटा परीक्षा केन्द्रमा संचालन भईरहेको परीक्षामा उक्त संख्याका परीक्षार्थी अनुपस्थित देखिएको हो ।

सप्तरीबाट कुल ८ हजार ७ सय ५६ विद्यार्थी परीक्षामा सहभागी हुने जनाईएपनि पहिलो दिन ८ हजार ४ सय ४४ जना मात्र परीक्षामा सहभागि भएको शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख शशीकुमार यादवले जानकारी दिए । परीक्षामा ४ हजार ३० पुरुष र ४ हजार ४ सय महिला गरि ८ हजार ४ सय ४४ जना सहभागि भएको उनले बताए ।

जिल्लाका ९२ सामुदायिक विद्यालय र ५२ संस्थागत विद्यालय गरि १ सय ४४ विद्यालयका विद्यार्थीहरु परीक्षामा सहभागी रहेको शिक्षा विकास तथा समन्वय इकाई सप्तरीले जनाएको छ ।

सप्तरीबाट नियमित तर्फ ७ हजार ८ सय ५९, प्राविधिकतर्फ ३ सय ९ र ग्रेडवृद्धि तर्फबाट ५ सय ८८ विद्यार्थी सहभागी हुने बताईएको थियो ।

जिल्लाको लागि ३७ वटा परीक्षा केन्द्र, ३७ केन्द्राध्यक्ष, ४७ जना सहायक केन्द्राध्यक्ष, ४ सय ३४ जना निरीक्षक, ६७ जना परीक्षा सहायक, ५ सय ५५ जना सुरक्षाकर्मी, १ सय ६२ जना कार्यालय सहयोगी गरि जम्मा १ हजार ३ सय २ जना कर्मचारी खटाईएको छ ।

# ठाकुरराम बहुमुखी क्याम्पसको मतगणना रोकियो



**दैनिक समाचारदाता**
**पर्सा, ७ चैत ।**

वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसको मतगणना रोकिएको छ । सिलबन्दी नम्बर मेल नखाएपछि उत्पन्न विवादका कारण मतगणना रोखिएको हो ।

जारी स्ववियु निर्वाचनको मतगणना बिहीबार दिउँसो २ बजे पछाडि अवरुद्ध भएको निर्वाचन समितिको कार्यालयले जनाएको छ ।

मंगलबार मतदान सकिएलगत्तै निर्वाचन समितिले मतपेटिका सिल गरेर मुचुल्का उठाउने क्रममा उम्मेदवारका प्रतिनिधिहरूलाई सिलबन्दी नम्बर दिएको थियो ।

तर बिहीबार दिउँसो मतपेटिका खोल्ने क्रममा उम्मेदवारका प्रतिनिधिसँग रहेको सिलबन्दी नम्बर र मतपेटिकामा रहेको सिलबन्दी नम्बर मेल नखाएपछि विवाद उत्पन्न भएको थियो ।

यसरी सिलबन्दी नम्बर नै फरक परेपछि मतगणनामा खटिएका उम्मेदवारका प्रतिनिधिहरूले क्याम्पस प्रशासन र निर्वाचन समितिविरुद्ध नाराबाजी गर्दै टायर बालेर प्रदर्शन गरिरहेका छन् ।

मतगणना अवरुद्ध हुनुअघि निर्वाचन समितिले सार्वजनिक गरेको पछिल्लो मत परिणामअनुसार सभापति पदमा राजकुमार यादव अग्रस्थानमा छन् । उनले ४ सय २० मत प्राप्त गरेका छन् ।

दोस्रो स्थानमा विकास मण्डल धानुकले २ सय ६१ मतका साथ पछ्याइरहेका छन् भने सुधीर पटेल समूहका उम्मेदवार कमलेश यादवले २ सय ४ मत र पाँचौं स्थानमा रहेका अनेरास्ववियुका पवन यादवले १ सय ५० मत पाएका छन् ।

# गुडिरहेको स्कोरपिओमा आगलागी



**दैनिक समाचारदाता**
**सिरहा, ७ चैत ।**

सिरहाको मिर्चैया गुडिरहेको स्कोरपिओमा आगलागी भएको छ । पूर्वपिश्चम राजमार्ग अन्तर्गत मिर्चैया नगरपालिका ५ संस्था चौकमा गुडिरहेको बा.१३ च १३२९ नम्वरको स्कारपिओमा बिहीबार एक्कासि आगलागी भएको हो ।

पूर्वबाट पश्चिमतर्फ गइरहेको सो गाडीका अघिल्लो भागमा आगो लागेको इलाका प्रहरी कार्यालयले मिर्चैयाले जानकारी दिए ।

चालकले ब्याट्री सर्ट भएर आगो लागेको भने पनि आगो लाग्नुको कारण अझै खुली नसकेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी पञ्चकुमार बाखुले जानकारी दिए । उनले घटनाबारे थप अनुसन्धान भइरहेको बताए ।

आगो स्थानीय र मिर्चैया नगरपालिकाको दमकलले तत्काल नियन्त्रणमा लिएको छ । आगलागीबाट गाडीको अघिल्लो भागमा क्षति पुगेको छ ।


"राजविराज शहर ,समृद्ध-हरित नगर"

**राजविराज नगरपालिका**

**नगरकार्यपालिकाकोकार्यालय**

**राजविराज, सप्तरी**

मधेश प्रदेश, नेपाल

**दरभाउँपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/१२/०८

यस नगरपालिकाको कार्यालयबाट Hiring a form for Skill Development Training दरभाउँपत्र नं. RMUN/PMEP/YETI/01/2081/082)को कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालनका लागिमिति २०८१/१०/२८ गतेका दिन प्रकाशित सूचना अनुसार रीपर्पूक दर्ता हुन आएका दरभाउँपत्रहरु मध्ये युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, २०७९ (पहिलो संशोधन) को दफा ६१ को उपदफा २ बमोजिमको न्यूनतम् योग्यता र उपदफा ३ बमोजिमको मापदण्ड अनुसार तपसिलमा उल्लेखित दरभाउँपत्र दाताको दरभाउँपत्र सारभूत रुपमा प्रभावग्राही देखिन आएको हुदाँ मूल्याङ्कन समितिको निर्णयानुसार तपसिलमा उल्लेखित कार्यका लागि देहायको दरभाउँपत्र दाताको दरभाउँपत्र स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन, २०६४ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउँपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | दरभाउँपत्र नं. | सफल दरभाउँपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकमरु. (मू.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | Hiring a Firm for Skills Development Training in Rajbiraj Municipality (RMUN/PMEP/YETI/01/2081/082) | ईनरुवा ईन्टरनेशनल पोलिटेक्निकल ईन्स्टिच्यूट प्रा.लि., ईनरुवा-२, सुनसरी | रु.५३११००।- | सम्बन्धितसबैको जानकारीका लागि |

राजविराजनगरपालिका,
राजविराज,सप्तरी


# पछिल्लो आठ महिनामा थपियो करिब साढे दुई खर्ब सरकारी ऋण

काठमाडौँ, ७ चैत (रासस) ।

चालु आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा सरकारले तिर्न बाँकी ऋण रु २६ खर्ब ७६ अर्ब तीन करोड पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार यो आर्थिक वर्षमा मात्र करिब साढे दुई खर्ब सरकारी ऋण थपिएको छ ।

"चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा फागुन मसान्तसम्म रु दुई खर्ब ४१ अर्ब ९३ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु २६ खर्ब ७६ अर्ब तीन करोड पुगेको छ । जुन कुल गार्हस्थ्य उत्पादनको ४६ दशमलव ९१ प्रतिशत हुन आउँछ", कार्यालयको प्रतिवेदनमा भनिएको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण मात्रै नेपाललाई रू ६६ अर्ब २९ करोड सार्वजनिक ऋणको दायित्व बढेको कार्यालयले जनाएको छ ।

हालसम्मको कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५० दशमलव ८३ प्रतिशत अर्थात् रु १३ खर्ब ६० अर्ब ४६ करोड र आन्तरिक ऋणको हिस्सा ४९ दशमलव १६ प्रतिशत अर्थात् रु १३ खर्ब १५ अर्ब ५७ करोड रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक ऋणको अनुपात २३ दशमलव ०६ प्रतिशत र बाह्य ऋणको अनुपात २३ दशमलव ८५ प्रतिशत हुन आउँछ ।

सरकारले चालु आर्थिक वर्षका लागि कुल रु पाँच खर्ब ४७ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको थियो । जसमध्ये फागुन मसान्तसम्ममा रु तीन खर्ब ३४ अर्ब ६२ करोड ऋण प्राप्त भइसकेको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा दोस्रो चौमासिकसम्मको सार्वजनिक ऋण प्राप्ति ६१ दशमलव १७ प्रतिशत बराबर हो ।

यस वर्ष रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म ८१ दशमलव ५६ प्रतिशत अर्थात् रु दुई खर्ब ६९ अर्ब १५ करोड ४२ लाख बराबरको आन्तरिक ऋण प्राप्त भइसकेको छ । फागुन मसान्तसम्मको बाह्य ऋण प्राप्ति भने ३० दशमलव १७ प्रतिशत बराबर मात्रै छ । चालु आर्थिक वर्षका लागि कुल रु दुई खर्ब १७ अर्ब बाह्य ऋण लिने सरकारी लक्ष्य रहेकामा हालसम्म रू ६५ अर्ब ४७ करोड बराबर मात्रै प्राप्त भएको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक ऋणको साँवाब्याज तिर्न यस वर्ष सरकारले रु चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन गरेको थियो । जसमध्ये फागुन मसान्तसम्म ५० दशमलव ०८ प्रतिशत अर्थात् रु दुई खर्ब एक अर्ब ७२ करोड बराबर ऋण भुक्तानी भइसकेको जनाइएको छ । कुल गार्हस्थ्य उत्पादनको आधारमा फागुन मसान्तसम्मको कुल ऋण सेवा खर्च तीन दशमलव ५४ प्रतिशत बराबर हो ।

***शम्भुनाथ मन्दिरलाई ...***

वटा घर टहरा भत्काईएको प्रमुख प्रशासकीय अधिकृत सोनुले जानकारी दिए ।

उक्त ऐतिहासिक मन्दिरमा प्रत्येक नयाँ बर्षको अवसरमा वैशाख १ देखि एक महिना लामो मेला लाग्दै आएको छ । मन्दिरको प्राङ्गणमा लाग्ने यो मेला भर्न स्वदेशी तथा सीमावर्ती भारतीय क्षेत्रका लाखौं तिर्थयात्रीहरु आउने गरेका छन् । तर, अतिक्रमणले समस्या हुँदै आएकाले मन्दिरको संरक्षण र सम्वर्द्धन गर्ने र मेलालाई पनि व्यवस्थित गर्ने उद्देश्यले यस्तो कदम चालिएको कार्यवाहक नगर प्रमुख चौधरीले भनाई छ ।

मन्दिर आसपासका मात्र नभई नगरको अन्य जग्गा तथा सडक मिचेर बनाईएका टहरा पनि क्रमशः हटाईने योजना रहेको नगरपालिकाले जनाएको छ ।

आगलागि हुनबाट सचेत रहौं । सलाई, लाइटर तथा प्रज्वलनकारी बस्तु बालबालिकाको पहुँचबाट टाढा राखौं । आगलागिबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

**जनहितमा जारि सन्देश**
**राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*